# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३ ) काठमाडौं, जेठ १२ गते २०५० साल ( अतिरिक्ताङ्क १० (ख)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम गणतन्त्र फ्रान्सका लागि शाही नेपाली राजदूत श्री केशवराज झालाई इटाली, ग्रीस र पोर्चुगलका लागि पनि शाही नेपाली राजदूत नियुक्त गरिबक्सेको छ ।

### सूचना २

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम बेल्जियमका लागि शाही नेपाली राजदूत श्री दुर्गेशमान सिंहलाई नेदरल्याण्ड एवं लग्जेमबर्गका लागि पनि शाही नेपाली राजदूत नियुक्त गरिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

37

## निर्वाचन आयोगको सूचना

राष्ट्रिय सभाका निर्वाचित सदस्यहरूमध्ये एक तिहाई निर्वाचित सदस्यहरूको पदावधि २०५० साल असार १२ गते पूरा हुने भएकोले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४६ को उपधारा (५) बमोजिम निर्वाचनद्वारा रिक्त स्थान पूर्ति गर्न राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०४८ को दफा ५ को उपदफा (१) को प्रयोजनको लागि देहायबमोजिम मतदानको मिति र समय तोकिएको छ।

१. संविधानको धारा ४६ को उपधारा (१) को खण्ड (ग) को प्रयोजनको लागि प्रत्येक विकास क्षेत्रबाट एक-एक जना सदस्यको निर्वाचनको लागि २०५० साल असार ८ गतेका दिन बिहान ८ बजेदेखि अपरान्ह ५ बजेसम्म मतदान हुनेछ।

२. संविधानको धारा ४६ को उपधारा (१) को खण्ड (ख) को प्रयोजनको लागि एक जना महिलासमेत बान्हजना राष्ट्रिय सभा सदस्यहरूको निर्वाचनको लागि २०५० साल असार १३ गतेको दिन बिहान ८ बजेदेखि अपरान्ह ५ बजेसम्म मतदान हुनेछ।

आज्ञाले,
टेकबहादुर थापा
निर्वाचन आयोगको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।